# सहकारी तथा गरिबी निवारण मन्त्रालय

मन्त्रालय र मातहतसमेत ४८ कार्यालयको यो वर्ष विनियोजन रु.९० करोड ३४ लाख, राजस्व रु.१ करोड १० लाख, धरौटी रु.१ करोड ५ लाख र अन्य कारोबार रु.२९ लाखसमेत रु.९२ करोड ७८ लाखको लेखापरीक्षण सम्पन्न भएको छ । मन्त्रालय मातहतका अन्य संस्था एकको रु.२ करोड ७३ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **अनुगमन -** विगतका प्रतिवेदनमा सुपथ मूल्यका ३ हजार ५५० सहकारी संस्थाको अनुगमन गरी संचालनमा नभएका सहकारी संस्थालाई कानुनी कारबाही गरी रु.३५ करोड ५० लाख असुल गर्नुपर्ने, मन्त्रालय तथा विभागले दर्ता भएका सहकारी संस्थामध्ये सञ्चालनमा नआउने, लेखापरीक्षण नगराउने, कार्यालयको सम्पर्कमा नरहने जस्ता विवरण तयार गरी निष्क्रिय रहेका सहकारी संस्थाहरुको काम कारवाहीको अनुगमन गर्नुपर्ने र सहकारी ऐन २०४८ मा सञ्चालकहरु शेयर पुँजी सङ्कलन गरी फरार भएमा दण्ड गर्ने कानुनी व्यवस्था नगरेको, फरार सञ्चालक तथा रकम हिनामिनाको अभिलेख नराखेको, हिनामिना गरी फरार सञ्चालकहरुलाई प्रचलित कानुनबमोजिम कारबाही गरी रकम असुल गर्नुपर्ने लगायतका व्यहोरा समावेश भएकोमा यो वर्ष पनि सुधार भएको पाइएन । विगतका व्यहोरा पुनरावृत्ति नहुने व्यवस्था मिलाउनुपर्दछ ।

२. **अनुदान फिर्ता -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३३ को खण्ड (क) अनुसार फ्रिज नहुने बजेट उपशीर्षक प्रत्येक वर्ष महालेखा नियन्त्रक कार्यालयले तोकी दिने र त्यसरी फ्रिज नहुने भनी तोकेको उपशीर्षकहरुको सालतमाम हुनुभन्दा कम्तीमा ७ दिन अगाडि नै सम्बन्धित कार्यालयले भुक्तानी दिनुपर्ने रकमहरु भुक्तानी दिई आर्थिक कारोबार बन्द गर्नुपर्ने र आर्थिक कारोबार बन्द गरेपछि निकासा र खर्चको लेखा अद्यावधिक गरी बाँकी रहेको रकम कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । राष्ट्रिय सहकारी विकास बोर्डले आर्थिक वर्षको अन्तसम्म खर्च नभई बाँकी रहेको रु.२ करोड ५ लाख अनुदान फिर्ता दाखिला गरेको छैन । उक्त रकम असुल हुनुपर्दछ ।

३. **बजेटको उपयोग र आवधिक (तेह्रौं) योजना -** यो वर्ष मन्त्रालय गरीब घर परिवार परिचयपत्र वितरण सहयोग समन्वय बोर्ड र केन्द्रीय सहकारी प्रशिक्षण केन्द्रसमेत तीन तथा सहकारी क्षेत्र सुदृढीकरण कार्यक्रमका लागि रु.५१ करोड ४३ लाख विनियोजन भएकोमा रु.२९ करोड ९८ लाख (५८.३ प्रतिशत) खर्च भएको छ । बजेटको उपयोग नभएकोले मन्त्रालयले आवधिक तेह्रौं योजनाका कुल गार्हस्थ्य उत्पादनमा सहकारी क्षेत्रको योगदान ५ प्रतिशत पुऱ्याउने, कृषि उत्पादन, भण्डारण, प्रशोधन, बजारीकरण तथा कृषि सामग्री आपूर्तिको लागि व्यवसायलाई प्रोत्साहन गरिने लगायतका लक्ष्य हासिल गरेको देखिएन । स्वरोजगारमूलक उद्योग तथा व्यवसाय स्थापना गर्न आवश्यक पर्ने पुँजी र सीपको तालिम उपलब्ध गराउन चितवन र स्याङ्जामा शीत भण्डार निर्माणको लागि रु.१ करोड १८ लाख उपलब्ध गराएकोमा सम्पन्न नभएको, सहकारी साझेदारीमा उद्योग स्थापना गर्न ५१ सहकारी उद्यमलाई रु.१ करोड ४५ लाख समेत रु.२ करोड ६३ लाख अनुदान दिएकोमा अनुदानबाट सञ्चालित निर्माण कार्य सम्पन्न भए नभएको, एवं तत्पश्चातको उपलब्धिको अनुगमन गरेको छैन । बजेट विनियोजन गरी कार्यक्रम कार्यान्वयन नगर्नु उचित देखिएन ।

## सहकारी विभाग

४. **अनुदानको प्रयोग -** विभागले सहकारीमा लैंगिक समानता, केन्द्रीयस्तर, लेखा सुपरिवेक्षण र व्यवस्थापक तालीम, स्थानीय प्रशिक्षण तालिम सञ्चालन, तालिम सामग्री छपाई, दूर्गम क्षेत्र पहुँच विस्तार कार्यक्रम, संघसंस्था सुदृढीकरण तथा व्यवसाय प्रवर्द्धन विषयक राष्ट्रिय गोष्ठी, सहकारी दिवसलगायतका १३ कार्यक्रम सञ्चालन गर्न रु.५० लाख बजेट व्यवस्था भएकोमा राष्ट्रिय सहकारी संघलाई ५० प्रतिशत सहभागितामा रु.२५ लाख अनुदान उपलब्ध गराएकोमा खर्चको बिल भरपाई पेश गरेको छैन ।

५. **कार्यसञ्चालन कोष -** डिभिजन कार्यालय काठमाडौंले गत विगतमा सहकारी संस्थाको ऋण असुली गर्दा जरिवाना बापतको रु.७ लाख ९० हजार असुल गरी कार्यसन्चालन कोषमा राखेको देखियो । दण्ड जरिबाना रकम असुल गर्दाको समयमा नै राजस्व दाखिला गर्नुपर्नेमा खर्च गर्ने कार्यविधि तथा निर्देशिका तयार नभएकोले कोषमा राखेको उल्लेख गरेको छ । उक्त रकम राजस्व खातामा दाखिला गर्नुपर्दछ ।

- **बेरुजू स्थिति** – यो वर्ष मन्त्रालय र मातहतका समेत ३४ कार्यालयमा रु २६ करोड १४ लाख ३१ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.१८ लाख १८ हजार फछ्र्योट गरेकोले रु २५ करोड ९६ लाख १३ हजार बाँकी रहेको छ । सोमध्ये रु.१ करोड ५९ लाख ६९ हजार पेश्की बाँकी रहेको छ ।